# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०४।२२ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं.-७ टोप्ला गाउँमा आ.व. २०७६/०७७ मा कर्णाली प्रदेश सरकारमार्फत विनियोजित रकमबाट संचालित टुजेमीदेखि बाबुकाँधसम्म पर्यटन सडक निर्माण उपभोक्ता समितिका अध्यक्षसमेतले सम्बन्धित कार्यालयसँग गरेको सम्झौता अनुसार काम नगरी मिलेमतोमा भुक्तानी गरी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उक्त सडक निर्माणमा सरकारलाई हानिनोक्सानी पुऱ्याई गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गरेको पुष्टि हुन आएको हुँदा देहायका कर्मचारी एवं व्यक्तिहरुलाई देहाय बमोजिमको कसुरमा देहाय अनुसारको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहाय:**

**(क) तत्कालीन डिभिजनल वन अधिकृत भरत बहादुर बुढथापा, सव-इन्जिनियर गोर सिंह बडुवाल र असिष्टेण्ट सव-इन्जिनियर हिमाल कुमार मल्लले** आ.व. २०७६/०७७ मा जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. ७ मा निर्माण सम्पन्न भनिएको टुजेमीदेखि बाबुकाँधसम्मको पर्यटन पदमार्ग निर्माण गर्ने क्रममा पदमार्ग निर्माण उपभोक्ता समितिबाट वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी नभए नगरेको कार्यलाई गैरकानूनी लाभ प्राप्त गर्ने बदनियतले गलत नापी किताव, उपभोक्ताको विल र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी पदमार्ग निर्माण कार्यको भुक्तानीसमेत दिई रु.६,३२,६७७।५० हानी पुऱ्याएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय खण्ड (ग) र खण्ड (ङ) को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम निजहरु **भरत बहादुर बुढथापा, गोर सिंह बडुवाल र हिमाल कुमार मल्ललाई** बिगो रु.६,३२,६७७।५० (अक्षरुपी छ लाख बत्तीस हजार छ सय सतहत्तर रुपैया पचास पैसा) कायम गरी कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै भए गरेको कार्यभन्दा बढी नभए नगरेको कुरा देखाई बदनियतपूर्वक गलत नापी किताव उपभोक्ताको विल र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, पेश गर्ने, स्वीकृतिको लागि सिफारिस गर्ने र स्वीकृत गर्ने निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा थप कैद र जरिवाना हुन समेत मागदाबी लिइएको छ ।

**(ख) उपभोक्ता समितिका अध्यक्ष मान बहादुर शाही, सचिव धर्मेन्द्र शाही र कोषाध्यक्ष कुशुमदेवी शाहीले** आ.व. २०७६/०७७ मा जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. ७ मा निर्माण सम्पन्न भनिएको टुजेमीदेखि बाबुकाँधसम्मको पर्यटन पदमार्ग निर्माण गर्ने क्रममा पदमार्ग निर्माण उपभोक्ता समितिबाट उक्त कार्यको सुपरीवेक्षणको जिम्मा पाएका प्राविधिकलाई वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी नभए

नगरेको कार्यसमेत नापी कितावमा चढाउन लगाई गलत नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता समितिको बिल तयार गर्न लगाई गैरकानूनी लाभ लिने बदनियतले डिभिजन वन कार्यालय, गमगडी, मुगुमा पेश गरी कार्यसम्पन्न गरेको पदमार्ग निर्माण कार्यको भुक्तानीसमेत लिई/दिई रु.६,३२,६७७।५० हानी पुऱ्याएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम निजहरुलाई बिगो रु.६,३२,६७७।५० (अक्षरुपी छ लाख बत्तीस हजार छ सय सतहत्तर रुपैया पचास पैसा) कायम गरी सोही दफा बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी